# इथर नाटकको पात्रविधानमा प्रयोगशीलता

**उप प्रा. गणेश चालिसे**
*जनप्रिय बहुमुखी क्याम्पस*

## सार

*प्रस्तुत अध्ययन सरूभक्तद्वारा लिखित इथर नाटकमा प्रयुक्त पात्रविधानमा प्रयोगशीलतामा केन्द्रित छ । यस नाटकका चरित्रमा पाइने प्रयोगशील पक्षको निरूपण गर्नु यस अध्ययनको उद्देश्य हो । इथर नाटकमा प्रयुक्त पात्रगत नवीन प्रयोगको पहिचान प्रयोगशील नाट्य मान्यताका सापेक्षतामा गरी पात्रविधानमा पाइने प्रयोगशील प्रवृत्तिको पहिचान यस अध्ययनमा गरिएको छ । पूर्व स्थापित चरित्र सम्बन्धी नाट्यमान्यताहरूलाई खण्डन मण्डन र निलम्बन गर्ने कार्य कसरी भएको छ भन्ने खोजी यस शोधलेखमा गरिएको छ । स्थापित मान्यताबाट नवीनतातिरको यात्रा र एक मान्यतालाई बहुल मान्यतामा रूपान्तरण गर्न गरिने अभ्यास एवम् नव प्रयोगको विधिलाई प्रयोगशीलता भनिन्छ । यस नाटकमा परम्परितभन्दा भिन्न पात्रको प्रयोग गरिएको पाइन्छ । इथर नाटकमा मानवीय तथा यान्त्रिक पात्रको प्रयोग गरिएको छ । प्रमुख पात्र डा. एक्स, श्रीमती एक्स १, छोरी एक्स ० र डा.एम जस्ता पात्र विश्वजनीन, प्रतीकात्मक, शून्यवादी मान्यताबाट प्रभावित र असामान्य छन् भने ०१,०२, ०३ जस्ता पात्र रूपान्तरित, स्वैरकाल्पनिक, साङ्केतिक पात्रका रूपमा आएका छन् । यन्त्रलाई पात्रत्व प्रदान गर्नु, गणितीय चिन्हको प्रयोग गर्नु, स्वैंरकाल्पनिक, प्रतीकात्मक, सार्वभौम एवम् लेखकीय शून्यवादी अवधारणबाट प्रभावित पाइनुले यस नाटकमा पात्रगत नवप्रयोग देखिई नाटकको चरित्र सम्बन्धी शास्त्रीय नाट्य मान्यता भत्किन पुगेको देखिन्छ ।*

**मुख्य शब्दावली–** स्वैरकल्पना, प्रतीकात्मक , यन्त्रमानव, प्रयोगशीलता, स्वविकेन्द्रित

## विषय परिचय

सरूभक्त नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । असिना पग्लन्छ (२०३०) एकाङ्कीबाट प्रारम्भ भएको उनको नाट्य यात्राले चार दशकभन्दा लामो यात्रा पार गरिसकेको छ । सरूभक्तका विज्ञान एवम् प्रयोगशील नाटकहरूले आधुनिक एवम् उत्तरआधद्रनिक प्रवृत्तिबाट प्रभावित हुँदै नवीन नाट्य मान्यतालाई आत्मासाथ गरेका छन् । विज्ञान नाटकमा नवीन नाट्य प्रवृत्ति मात्र पाइएको नभई चरित्र चित्रणमा नव प्रयोग पनि सघन रूपमा प्रस्तुत भएको छ। सरूभक्तले नाट्य लेखनको दोस्रो चरण (२०४३-२०७७) मा प्रयोगशील विज्ञान नाटक इथर (२०४४) लेखेका छन् । वैज्ञानिक पात्र तथा कथावस्तु प्रयोग भएको इथर नाटक पात्रगत विविधता र बहुलता प्रयोग भएको महत्त्वपूर्ण प्रयोगशील नाटक मानिन्छ । इथरको पात्रविधानमा के कस्ता नव प्रयोगहरू पाइन्छन् ? भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने प्रयास यस लेखको रहेको छ। इथर नाटकमा कस्ता नवीन पात्र प्रयोग भएका छन् र तिनको प्रयोगले चरित्र सम्बन्धी परम्परित मान्यता कसरी भत्काएका

© The Author, published by JRCC, Janapriya Multiple Campus.

छन् भन्ने प्राज्ञिक विमर्शको सम्यक निरूपण आजसम्म नभएकाले पनि प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

प्रयोगशीलतालाई प्रयोग भइरहने परिर्वनतयुक्त चिन्तन एवम् नवीन मान्यताका रूपमा लिने गरिन्छ । यसले परम्परागत रुढिग्रस्त मान्यतालाई भत्काउँदै नवीन मान्यताको खाजी गर्छ । प्रयोगशीलताको जगमा आधुनिकता बाँचिरहेको हुन्छ भने उत्तरआधुनिकताको प्राण तत्त्व नै नवीन प्रयोगलाई मानिन्छ । इथर विज्ञान नाटकमा प्रयोग भएका चार मानवीय पात्र, चार मानवेतर यान्त्रिक पात्र एवम् यान्त्रिक उपकरण टेलिफोन टि.भी अदि पात्रलाई परम्परित पात्रभन्दा भिन्न रूपमा प्रस्तुत गरिएको छ । विज्ञान तथा गणितका सङ्केतका आधारमा पात्रको नामकरण गरी प्रस्तुत नाटकमा यी पात्रहरूलाई विश्वजनीन, स्वैरकाल्पनिक, रूपान्तरित, अस्वभाविक तथा लेखकीय शून्यवादी मान्यताबाट प्रभावित चरित्रका रूपमा प्रस्तुत गरिएको छ ।

## समस्या

सरूभक्तका विज्ञान नाटक इथरको पात्रविधानमा के कस्ता प्रयोग पाइन्छन् ? भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत अध्ययनको मुख्य शोधसमस्या रहेको छ । मूल शोधसमस्यासँग सम्बन्धित उपसमस्या यस प्रकार छ :

(क) सरूभक्तका विज्ञान नाटकको चरित्रमा के कस्तो प्रयोगशीलता पाइन्छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य विज्ञान नाटक इथरको पात्रविधानमा के कस्तो प्रयोगशीलता पाइन्छ भन्ने मूल समस्याको समाधान गर्नु रहेको छ । अतः यसको मूल उद्देश्य निम्नानुसार छ :

(क) सरूभक्तका विज्ञान नाटक इथरको चरित्र चित्रणमा पाइने प्रयोगशीलता पहिचान गर्नु ।

## पूर्वकार्यको समीक्षा

चार दशकदेखि निरन्तर नेपाली साहित्यको साधनामा तल्लीन साहित्यकार सरूभक्तका समसामयिक नाट्य प्रवृत्ति, प्रयोगशील नाटक र नाट्य प्रवृत्ति, विज्ञान नाटकका सम्बन्धमा पनि केही अध्ययन भएका छन् । यहाँ प्रस्तुत लेखसँग मिल्दाजुल्दा अध्ययनहरूलाई मात्र पूर्वकार्यका रूपमा चर्चा गरिएको छ । केशवप्रसाद उपाध्यायले नेपाली नाटक तथा रङ्गमञ्च : उद्‌भव र विकास (२०५९) नामक पुस्तकमा सरूभक्तका नाट्य प्रवृत्तिको चर्चा गर्दै उनका नाटक प्रायः प्रयोगधर्मी रहेको कुरा उल्लेख गरेका छन् । रामचन्द्र पोखरेलले नेपाली नाटक सिद्धान्त र समीक्षा (२०६२) नामक पुस्तकमा सरूभक्तका नाटकको कथावस्तु र दृश्य विधानको चर्चा गर्दा इथरको पनि उल्लेख मात्र गरेका छन् । अशोक थापाले नाट्य समीक्षा र अन्य समालोचना (२०६५) पुस्तकमा सरूभक्तको प्रयोगशील प्रवृत्तिको चर्चा गर्दा सरूभक्तको सबैभन्दा महत्त्वपूर्ण नाटकीय मूल्य नेपाली साहित्यमा विज्ञान नाटकको प्रवेश गराउनु र शून्यवादी नाट्य चिन्तनको आविष्कार गर्नु रहेको छ भनी टिप्पणी पनि गरेका छन् । व्रतराज आचार्यले आधुनिक नेपाली नाटक (२०६६) मा सरूभक्तलाई कथावस्तु, पात्र, परिवेश र रङ्गमञ्चीय शिल्पका दृष्टिले नवीन प्रयोग गर्ने नाटककारका रूपमा चर्चा गरेका छन् । आचार्यले चरित्रचित्रणमा व्यक्ति पात्रहरूलाई भन्दा सार्वनामिक पात्रलाई प्राथमिकता दिएको, कतिपय नाटकहरूमा गणितका सूत्रहरूबाट पात्रहरूको नामकरण गरिएको, नाटकको परिवेशलाई भूमण्डलीकरण गरिएको र संवाद योजनामा पनि प्रयोगशीलता रहेको कुरा उल्लेख

गरेका छन् ।

शालिकराम पौड्यालले ''विज्ञान नाटक इथरमा कोरिएको प्रेमपत्रको विश्लेषण'' शीर्षकको लेख प्राज्ञिक संसार (२०७०) मा प्रकाशित गरेका छन् । उक्त लेखमा सरूभक्तका नाट्य रचनामा पाइने प्रयोगशील प्रवृत्तिको चर्चा गर्दै पात्रगत विविधता र बहुलताको प्रयोग गरिएको, सङ्ख्यावाचक पात्र, यान्त्रिक पात्रको प्रयोग एवम् संवाद, दृश्य विधान र भाषाशैलीमा नवीनता रहेको भनी चर्चा गरेका छन् । सरूभक्तका नाटक र नाट्य प्रवृत्तिका बारेमा केन्द्रित पूर्वकार्यहरूमा विज्ञान नाटक, तिनका विधागत तत्त्व र प्रयोगशील प्रवृत्तिको सामान्य चर्चा पाइए पनि इथरका चरित्रलाई प्रयोगशील प्रवृत्तिका आधारमा व्यापक विश्लेषण गरिएको पाइँदैन । गणेश चालिसेले सरूभक्तका विज्ञान नाटकमा प्रयोगशीलता ( २०७४) दर्शनाचार्यको अप्रकाशित शोध प्रबन्धमा इथर नाटकमा प्रयुक्त चरित्रलाई प्रयोगशील प्रवृत्तिका आधारमा स्वैरकाल्पनिक पात्र, रूपान्तरित पात्र, सार्वभौम पात्र, अधिमानवीय पात्र, प्रतीकात्मक पात्र भनी वर्गीकरण गर्दै चर्चा गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन सरूभक्तको विज्ञान नाटक इथरमा प्रयुक्त पात्रविधानमा प्रयोगशीलतासँग  सम्बन्धित रहेको छ । कुनै पनि शोध अनुसन्धान कार्यका लागि सामग्री सङ्कलन र विश्लेषणको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रस्तुत अध्ययनको मुख्य समस्या समाधानका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा सरूभक्तका मझौला  विज्ञान नाटक इथरलाई नमूना छनौट विधिमार्फत चयन गरिएको छ जुन प्राथमिक सामग्रीका रूपमा रहेका छ भने द्वितीय सामग्रीका  रूपमा नाट्यको सैद्धान्तिक स्वरूपका साथै सरूभक्तका विज्ञान नाटक र प्रयोगशीलता सम्बन्धमा गरिएका पूर्व अध्ययनहरूसँग सम्बन्धित लेख, रचना र विधिन्न पुस्तकाकार कृति रहेका छन् । यसको अध्ययन विश्लेषणका लागि प्रथमतः नाटकका सिद्धान्त र यसका संरचक विधापरक तत्त्व, प्रयोगशीलता सम्बन्धी मान्यता तथा अवधारणालाई निगमन विधिद्वारा सरूभक्तका विज्ञान नाटक इथरमा प्रयुक्त चरित्रचित्रणमा प्रयोगशीलताको अध्ययन विश्लेषण कार्य गरिएको छ । यसका साथै प्रस्तुत शोध प्रबन्धमा तुलनात्मक र  विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

नाटक साहित्यको अभिनयात्मक विधा भएकाले पात्रको भूमिका नाटकमा जीवन्त रूपमा आउनुपर्छ । नाटकमा नाटककारले कथावस्तुलाई गतिशील बनाउन, लक्षित उद्देश्य परिपूर्ति गर्न र द्वन्द्वलाई सघन रूपमा प्रस्तुत गर्न पात्रको प्रयोग गरेको हुन्छ । त्यसैले नाटकको उद्देश्य तथा कथावस्तु अनुरूप पात्रको विधान गरिएको हुन्छ । चरित्र भनेका कथानकमा आश्रित रहेर नाटकीय कार्य व्यापारलाई अघि बढाउने पात्रहरू हुन् । नाटकीय कार्य व्यापारलाई फलप्राप्तिसम्म पुऱ्याउने काम चरित्रले गर्दछन् । पूर्वीय नाट्यशास्त्रीहरूले नाटकीय कार्यलाई आधार मानेर नायकलाई धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त गरी चार वर्गमा विभाजन गरेका छन् । उनीहरूले नायिकालाई भने शृङ्गारिक अवस्थालाई आधार मानेर स्वकीया, परकीया र सामान्या गरी तीन वर्गमा विभाजन गरेका छन् (नाट्य शास्त्र, २४।१७) । फलप्राप्तिलाई आधार मानेर नै चरित्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन वर्गमा विभाजन गरिन्छ । नाटकमा मुख्य पात्रका रूपमा नायक नायिका वा प्रतिनायकको समावेश रहेको हुन्छ ।

नाटकमा चरित्रहरूलाई प्रस्तुत गर्ने चरित्रचित्रण विधि प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारको हुन्छ। प्रत्यक्ष विधिमा नाटककार आफै वा अरू पात्रका संवादबाट चरित्रको स्वभावलाई प्रस्ट्याइन्छ भने अप्रत्यक्षमा पात्रका कार्य व्यापारबाट उनीहरूको चरित्रलाई प्रष्ट्याइन्छ। अप्रत्यक्ष विधिबाट चरित्रहरू विश्वसनीय हुने र सहृदयीले चरित्रका बारेमा स्वतन्त्र दृष्टिकोण बनाउने हुनाले चरित्र चित्रणमा अप्रत्यक्ष विधि प्रभावकारी मानिछ।

प्रयोगशील शब्दको अर्थ प्रस्ट्याउँदा परम्पराभन्दा भिन्न गतिमा अघि बढेर नयाँ नयाँ तथ्यहरूको अन्वेषण, रचना वा कार्यकलापमा प्रवृत्त रहनुलाई प्रयोगशील भन्न सकिन्छ। प्रयोगशील शब्दमा भाववाचक ता प्रत्यय थप गरेपछि प्रयोगशीलता बन्दछ। यसले पनि प्रयोगशीलकै अर्थ दिन्छ। यसैले प्रयोगशील वा प्रयोगशीलतालाई प्रयोग भइरहने वा परिवर्तनयुक्त चिन्तन र नवीन मान्यता लागु गर्ने प्रक्रिया वा विधि भनी प्रस्ट्याउन सकिन्छ (अधिकारी, २०६१,पृ. ६५६)। प्रयोगशीलता विज्ञानको एक सम्प्रदाय पनि हो। यसले परम्परागत रूढिग्रस्त मान्यताहरूलाई भत्काउनुका साथै नयाँ मान्यताहरूलाई प्रयोगमा ल्याउन, व्यवहारमा ल्याउन अन्वेषण र परीक्षणको अभ्यासमा समेत मद्दत गर्दछ। कहिलेकाहीँ प्रयोगशीलताका अर्थमा प्रयोगवाद शब्द प्रयोग गरिएको पाइन्छ। प्रयोग आफैँमा कुनै वाद नभई नवीनतातिरको यात्रा मात्र भएको हुँदा यसलाई वाद नभनेर प्रयोगशील वा प्रयोगशीलता मात्र भन्नु उपयुक्त हुन्छ। यससँग आधुनिकता र उत्तरआधुनिकताको घनिष्ठ सम्बन्ध रहेको पाइन्छ। परम्पराको भञ्जन, नयाँ विचार र शिल्पको खोजी गर्न' प्रयोगशीलता हो।

प्रयोगशीलता क्रमशः विकसित भएको साहित्यिक मान्यता हो। समाजिक यथार्थवादी लेखन, मनोवैज्ञानिक अथार्थवादी, प्रगतिवादी हुँदै अस्तित्ववादी, विसङ्गतिवादी लेखन हुँदै उत्तर आधुनिकतावादी लेखनसम्म पुग्दा साहित्य प्रयोगवादीका नामले चिनियो। प्रयोगवादी धारा प्रतीकवादी, अतियथार्थवादी, विसङ्गतिवादीका साथै अवचेतन लेखन, अमूर्त लेखन र विशृङ्खलताका समष्टिधारमा अगाडि बढेको हो भने उत्तरआधुनिकताको प्रभावपछि यो धारा सघन एवम् मूर्त रूपमा देखापर्‍यो। विश्वसाहित्यमा प्रयोगवादी लेखन विसङ्गतिवादको पाटो पार गरी अस्तित्ववादको क्षेत्रमा पनि प्रवेश गर्दछ (श्रेष्ठ, २०४६,पृ. १२८)। प्रयोगवादी लेखनले प्रायः ईश्वररहित विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानव जीवनलाई हेर्ने गर्दछ, जीवनलाई प्रायः विवश, विद्रुप, विसङ्गत, व्यर्थ, निस्सार र शून्यपन देख्छ भने कहिले मानवीय अस्तित्व र अस्मिताको खोजी पनि गरिएको भेटिन्छ।

प्रयोगशील प्रवृत्ति बालकृष्ण सम, रिमाल, विजय मल्ल र गोविन्द मल्ल गोठालेका रचनामा पनि पाइन्छ भने ध्रुवचन्द्रको त्यो एउटा कुरा नाटक २०३० प्रकाशित भए पछि नेपाली नाटकमा प्रयोगवादी धाराको सुरुवात् भएको मानिन्छ। कथ्य र शिल्पमा नयाँ प्रवृत्तिको प्रयोग स्वैरकल्पना, अवचेतन, अमूर्त लेखन र विसङ्गतिवादी र अस्तित्ववादी वैचारिक धरातलमा प्रयोगवादी धारा हुर्कँदै गएको छ। परम्परागत लेखन रुढिको परित्याग गर्दै नयाँ दिशा र मान्यताको अन्वेषण र स्थापनातर्फ प्रयोगवाद विशेष अग्रसर भएको पाइन्छ। वर्तमान मानव जीवनका व्यस्तता, सङ्गटग्रस्त स्थितिमा जिउनु पर्ने वाध्यता एवम् निस्सारताको अभिव्यक्ति पाइन्छ। वैज्ञानिक आविष्कार र तिनले मानव जीवनमा पारेको गहिरो प्रभाव पनि प्रयोगवादी धाराको मूल अन्वेषण क्षेत्र हो। सूक्ष्म कथामा अनौठा पात्र विश्रृङ्खलित अभिव्यक्ति, नखोजिएको क्षेत्र र विषयको प्रयोग साथै स्वैरकल्पनाको प्रयोग, अमूर्त लेखन, नौलो रङ्गमञ्च, चेतनप्रवाह शैली, युग जीवनको यथार्थ प्रतिबिम्बको चित्रण, दूर्बोध्यता र जटिलता प्रयोगावदी धाराका मूल प्रवृत्ति मानिन्छन् (भण्डारी र अन्य, २०७३,पृ. ४५)। यी मूल प्रवृत्तिको प्रस्तुति लेखकले पात्रका माध्यमले गर्ने हुनाले प्रयोगवादी धाराका नाटकमा चरित्र पनि महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ।

प्रयोग क्रमशः भित्र्याउने नयाँ शैली र प्रविधि पनि हो जुन साहित्यमा कलात्मक र जीवन्त बनेर आउनुपर्छ नत्र त्यो साहित्य नबनी नारा र प्रयोगमा सीमित रहन्छ । प्रयोगवादी धारा मूलतः पाश्चात्य अमूर्त चित्रकलाबाट अत्याधिक प्रेरित र प्रभावित देखिन्छ । यसमा अवचेतन मनमा रहेका तात्क्षणिक अनुभूतिपुञ्जलाई स्वचालित र विश्रृङ्खलित रूपमा व्यक्त गर्ने प्रयास गरिएको हुन्छ । यस क्रममा विसङ्गतिवादी, अतियथार्थवादी, प्रतीकवादी अवचतेन लेखन र अमूर्त लेखनको चेष्टाको साक्षी बनेर प्रयोगवादी साहित्य देखा परेको हो (भण्डारी, २०७३,पृ. २९) । मनका विविध अवस्थाको अभिव्यक्ति पात्रबाट प्रकट हुने हुनाले पनि प्रयोगवादी नाटकका पात्रका व्यवहार सोच र तिनका क्रियाकलापको सूक्ष्म विश्लेषण विना प्रयोगवादी साहित्यको विश्लेषण सम्भव हुँदैन । पात्रका विशृङ्खलित अभिव्यक्ति, पात्रका अवचेतन मन र तिनका विसङ्गत क्रियाकलाप र दृष्टिकोणहरू तिनका जीवन भोगाई र सङ्घर्षहरू प्रयोगशील लेखनका साक्षी बनेर आएका हुन्छन् ।

प्रयोगशील नाटकमा पात्रविधान अपारम्परिक छ । पात्रहरूलाई कुनै व्यक्तिवाचक नाम दिइएको छैन । तिनमा विज्ञान तथा गणितमा प्रयोग हुने सङ्केत (+००, ०१, ०२, ०३) पनि पात्रका रूपमा प्रयोग गरिएका छन् । प्रयोगशील नाटकमा व्यक्ति १, २, ३, मलामी, वृद्ध, अतिवृद्ध एवम् ऊ, त्यो हामी, जस्ता सर्वनाम पनि पात्रका रूपमा आएका छन् । अमूर्त, विश्वजनीन, प्रतीकात्मक, स्वैरकाल्पनिक, रूपान्तरित, अस्वाभाविक, मानवीकृत र मानवेतर पात्र आधुनिक नाटकका प्रयोगशील पात्र हुन् (चालिसे, २०७४, पृ.३२) । प्रयोगशील नाटकमा यान्त्रिक उपकरण (टेलिफोन, टी.भी., कम्प्युटर) जस्ता निर्जीव पात्रलाई मानवीकरण गर्दै प्रस्तुत गरिएको पाइन्छ । प्रयोगवादी नाटकमा पात्रयोजना नौलो खालको पाइन्छ । यस्ता नाटकमा व्यक्ति विशेषभन्दा सार्वजनीन रूपमा र जाति, गुण वा चिह्नका आधारमा पात्रको नामकरणका साथै चयन गरिएको हुन्छ (आचार्य, २०६६,पृ.७) । प्रयोगशील नाटकमा मानवीय, मानवेतर, यान्त्रिक, यन्त्रमानव, साङ्केतिक, रूपान्तरित, स्वैरकाल्पनिक जस्ता विविध पात्रको प्रयोग गरिन्छ ।

नोकर, वृद्ध ,रोगी, मगन्ते जस्ता सीमान्तकृत पात्रहरूलाई प्रयोगशील नाटकमा विशेष भूमिकाका साथ प्रस्तुत गरिएको पाइन्छ । त्यसैलै आधुनिक उत्तरआधुनिक नाटककलाई विश्लेषण गर्न परम्परित सिद्धान्तले मात्र सम्भव छैन । प्रयोगशील नाटकका पात्रहरूले परम्परागत पात्रको जस्तो क्रियाकलाप वा भूमिकामा नरही रङ्गमञ्चमा फरक प्रकारमा आएका हुन्छन् । लेखकले काल्पनिक पात्रको सिर्जना गरेर यथार्थको ज्वलन्त पक्षको उद्घाटन गर्न प्रयुक्त पात्र स्वैरकाल्पनिक चरित्र हो । यस्ता पात्रका माध्यमबाट मानवका सङ्गतिपूर्ण व्यवहारभन्दा असङ्गतिपूर्ण कार्य र चरित्रको प्रस्तुतीकरण गरिएको हुन्छ । लेखकले काल्पनिक पात्रको सिर्जना गरेर यथार्थको ज्वलन्त पक्षको उद्घाटन गर्न प्रयुक्त पात्र स्वैरकाल्पनिक चरित्र हो । यस्ता पात्रका माध्यमबाट मानवका सङ्गतिपूर्ण व्यवहारभन्दा असङ्गतिपूर्ण कार्य र चरित्रको प्रस्तुतीकरण गरिएको हुन्छ । जुनकुरा असम्भव हुन्छ, स्वैरकल्पनाले त्यसलाई सम्भव बनाउँछ । असम्भव घटनासन्दर्भ तथा पात्रबाट सम्भावनाको खोजी गर्न स्वैरकल्पनाको सहारा लिइन्छ । अतः स्वैरकल्पना असम्भवको सम्भावना हो (शर्मा, २०६२, पृ. २३३)। प्रतीकात्मक पात्र र मुखुण्डोको प्रयोग गरिएका पात्रहरू पनि प्रयोगवादी नाटकमा पाइन्छन् । यस्ता नाटकका पात्रहरू रूपान्तरण भइरहने खालका हुन्छन् । मानवीय पात्रहरू मानवेत्तर र मानवेत्तर पात्रहरू मानवीय पात्रको रूपमा प्रस्तुत भएको पाउन सकिन्छ ।

प्रयोगवादी लेखकहरूले प्रायः ईश्वररहित र विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानवजीवनलाई विविध कोणबाट हेर्दछन् । विज्ञान नाटकमा निर्जीव वस्तु तथा पात्रहरुको प्रयोग गर्न लगाइएको पाइन्छ । प्रयोगशील नाटकहरूका

विषयवस्तु नवीन हुँदा त्यस अनुरूप पात्रहरूले अन्य यन्त्र, उपकरण र निर्जीव वस्तुसँग सहजै संवाद गर्दछन् र आफ्नो महत्त्वपूर्ण उपस्थिति जनाउँछन् । प्रयोगशील नाटकमा असङ्गत चेतना, वीभत्स कल्पना आदि भएका पात्रहरूको समावेश गरिएको हुन्छ । क, ख, १, २, ३, ऊ, त्यो जस्ता नामका पात्रहरूको प्रयोग प्रयोगशील नाटकमा गरिन्छ (खतिवडा, २०६४,पृ. ६६) । मिथकीय पात्र, पौराणिक पात्र र स्वैरकाल्पनिक पात्रलाई वर्तमान समाजमा भिन्न रूपमा उभ्याउनु पनि प्रयोगशील नाटकको प्रवृत्ति हो । पात्र स्वैरकाल्पनिक हुँदा पनि मानव जीवन र सामाजलाई नै प्रतिनिधि गरेका हुन्छन् । प्रयोगशील नाटकमा पात्रहरूको नामकरणमा पनि नवीनता पाइन्छ । गणितीय अङ्क र चिन्ह, व्याकरणिक कोटि जनाउने शब्द वा नाम पनि पात्रको रूपमा प्रयोग हुन्छन् । प्रयोगशील नाटकमा चरित्रहरूको प्रकृति फरक हुँदै गएको पाइन्छ । तिनीहरूले कुनै व्यक्ति, समुदाय विशेष र जाति, ठाउँको प्रतिनिधित्व नगरेर समग्र मानवकै प्रतिनिधित्व गरी ती पात्र विश्वजनीन रूपमा आएका हुन्छन् । युगीन समस्या र मानवजीवनका सङ्कटपूर्ण क्षणको चित्रण गर्दा पात्र नितान्त वैयक्तिक पनि हुन सक्छन् ।

## इथर नाटकमा पात्रविधान

'इथरमा कोरिएको प्रेमपत्र' वैज्ञानिक खोज अनुसन्धानमा आधारित प्रयोगशील नाटक हो । यसको कथानक वैज्ञानिक स्वैरकल्पनामा आधारित रहेकाले विज्ञानमा प्रयोगसँग सम्बन्धित पात्र नाटकमा प्रयोग भएका छन् । नाटकको प्रमुख पात्र डा.एक्स, आफ्ना परिवार र सहयोगी यन्त्रहरू समेत मानवलाई आणविक शस्त्रास्त्रको नकारात्मक प्रभावबाट बचाउन गरेको नवीन खोज र वैज्ञानिक आविष्कारको जुन विवरण दिएको छ, त्यही नै यसको नाट्यवस्तु हो । इथर नाटकमा चार मानवीय पात्र (डा. एक्स, एक्स १, एक्स ०१ र डा. एम) र चार मानवेतर यान्त्रिक पात्र (+००, ०१, ०२, ०३) र यान्त्रिक उपकरण (टेलिफोन, टी.भी., कम्प्युटर) पनि पात्रका रूपमा प्रयोग भएका छन् । पात्रका चरित्रचित्रणमा पाइने प्रयोगशील प्रवृत्तिहरूलाई निम्न उपशीर्षकमा विभक्त गरी पात्रको चरित्रचित्रणमा पाइने प्रयोगशीलताको विश्लेषण गर्न सकिन्छ :

इथर नाटकमा प्रयुक्त मानव पात्रहरू एक्स, एक्स १, एक्स ०, का प्रयोगशील चरित्रको निम्नानुसार चर्चा गर्न सकिन्छः

**पात्र डा. एक्स**

डा. एक्स इथर नाटकको प्रयोगशील पात्र हो । कुनै जाति, समुदाय, भूगोलका सीमामा आबद्ध नभएको डा.एक्स विश्वका निस्वार्थी वैज्ञानिकको प्रतिनिधित्व गर्ने सार्वभौम पात्र हो । प्रयोगशील पात्र डा. एक्स गहन वैज्ञानिक खोज अनुसन्धानमा क्रियाशील जीव वैज्ञानिक एवम् मानवतावादी दृष्टिकोण राख्ने नाटकको प्रमुख पात्रको रूपमा आएको छ । उसले पृथ्वीमा अनेकौँ आणविक शस्त्रास्त्रको होडबाजी गरी आफ्नो स्वार्थमा केन्द्रित हुने वैज्ञानिकलाई गम्भीर चुनौति दिदैँ पृथ्वीबासीको अस्तित्व बचाई बाँच्न पाउने अधिकार रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । ऊ कठोर साधना गर्ने, आफ्नो विचारमा प्रतिबद्ध र स्वविकेन्द्रित (स्वार्थमा नलाग्ने) साहसी पात्रका रूपमा आएको छ । उसले मानवमा सुषुप्त ग्रन्थी निष्कृय भएर रहेको, त्यसलाई क्रियाशील गर्ने द्रव्यको आविष्कार गर्न'का साथै त्यसको सफल परीक्षण पहिला मुसाहरूमा, यन्त्रमानव ०३ र पछाडि आफ्नी छोरीमा गरेको छ । उसले आणविक सन्त्रास र क्षतिबाट मानवलाई बचाउन एन्टी न्युक्लिएर इन्जेक्सको परिष्कार, परिमार्जन तथा संशोधन गरी सुपथ मुल्यमा बेच्ने उदार सोच लिएको छ जुन भौतिकताका पछाडि दगुर्ने र स्वार्थलाई केन्द्रमा राख्ने डा. एम र एक्सजस्ता पात्रलाई दरिलो झापड हो । उसको अभिन्न मित्र डा. एमले गरेको टिप्पणीबाट लेखकीय अधिमावनीय चरित्रको पुष्टि भएको छ । उसको अभिन्न मित्र डा. एमले उनीहरूका बीचको सम्बन्ध

'शत्रुतापूर्ण मित्रता' रहेको उल्लेख गर्दै उसको चरित्रमाथि गरेको निम्न टिप्पणीबाट डा. एक्सको चरित्र प्रकाश पार्न सकिन्छ।

विश्वव्यथा बोकी हिडँने महापुरुषको चुनौतिहरू उपलब्धिपूर्ण हुन्छन् । त्यसैले म चिन्तित छैन । जसले पृथ्वी बोक्ने हिम्मत गर्छ, त्यसलाई कुनै एउटा देश वा महादेशमात्र काँध थाप्ने सल्लाह दिन सकिदैँन (पृ.२९) ।

सार्वभौम हितमा लाग्ने, दृढ सङ्कल्पित, मानवतावादी, स्वविकन्द्रित, दार्शनिक, जीव वैज्ञानिकका साथै नाटकको प्रतीकात्मक पात्र हो । निस्वार्थी मावन, समाज र शक्तिहीन देशको आवाज डा. एक्सले प्रस्तुत गरेकाले उसलाई प्रतीकात्मक पात्रका रूपमा प्रस्तुत गरिएको छ । नाटककारले उसलाई कुनै एक भूगोल वा स्थानमा केन्द्रित नगरी विश्वजनीत (सार्वभौम) पात्रका रूपमा प्रस्तुत गर्न गणितीय चिह्नबाट  नामकरण गरिएको छ । अतः सार्वभौम र नाटककै प्रमुख पात्र डा. एक्सको चरित्र प्रयोगशील प्रवृत्तिबाट निर्मित भएका हो भन्न सकिन्छ ।

मान्छे जातिको अहम् यति व्यापक र असीमित रूपमा महत्त्वाकांक्षी छ कि हामीलाई सम्पूर्ण ब्रह्माण्डको ज्ञान र स्वामित्व चाहिएको छ (पृ.५) ।

अरबौ अरब तारावली, आकाशगङ्गाहरू र मन्दाकिनीहरू सहितको यो सम्पूर्ण ब्रह्माण्ड पाएपछि पनि मान्छेलाई पुग्ने छैन ।

एक मानवतावादी वैज्ञानिकको नाताले म चुनौती दिन्छु, तिमीहरूको यो मानव जातिको अस्तित्व समाप्त पार्ने सपना म विफल पारिदिन्छु ।  मलाई जुनसुकै मूल्यमा पनि मानवजातिको अस्तित्व जोगाउनु छ ( पृ.९) ।

हामी एक नयाँ पाराले हल्लाउँछौ ( पृ.(११) ।

महान् वैज्ञानिक आफ्नो आविष्कारका साथ प्रायशः एक्लै उभिने गर्छ ( पृ.२५) ।

मेरी प्रिय पत्नी म मान्छेजातिको आत्मसुरक्षा वा अस्तित्वरक्षाका लागि कार्यरत छु । उहिले उहिले संसार भूकम्पले, आणविक कम्पनले हल्लिने गर्थ्यो भने आजकल संसार आणविक कम्पनले हल्लिने गर्छ । अरूले महान् सफलता ठानेको आणविक सफलतालाई उसले सामान्य सफलता मात्र मान्नु र नयाँ खोज जारी राख्नु पनि अधिमानवीय चिन्तनको प्रमाण हो ।

नाटकमा आणविक तथा शस्त्रास्तको होडवाजीमा विश्वका वैज्ञानिक लागि रहेको जुनसुकै वेला  पृथ्वीमा सङ्कट आउन सक्ने र आणविक र परमाणिक हतियार अत्यन्त सङ्कमक महामारी रोगका ब्याक्टेरिया समान्तर छन् ( पृ.४० ) भने एक्सको विश्रृङ्लित अभिव्यक्तिले वैज्ञानिक आविष्कार र तिनले मानव जीवनमा पारेको गहिरो प्रभावलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ जुन पनि प्रयोगवादी धाराको मूल अन्वेषण क्षेत्र हो । सूक्ष्म आख्यानमा अनौठा पात्र, तिनका विश्रृङ्खलित अभिव्यक्ति, विज्ञान जस्तो नखोजिएको क्षेत्र र विषयको प्रयोग साथै स्वैरकल्पना एवम् चेतनप्रवाह शैलीको प्रयोग भएका प्रयोगवादी नाटकका निम्ति पनि  डा.एक्स जस्तो पात्रको चयन र प्रयोग स्वाभाविक देखिन्छ ।

**पात्र एक्स १**

एक्स १ इथर नाटकको प्रयोगशील पात्र हो । नाटकमा डा. एक्सकी जीवन साथी एक्स ० की आमाको भूमिकामा आएकी एक्स १ प्रतीकात्मक, विश्वजनीन, स्वैरकाल्पनिक पनि पात्र हो । एक्स १ चरम भौतिकतावादी उग्रराष्ट्रवाद र शक्तिपूजाको प्रबल समर्थकका रूपमा देखिएकी छे । उक्त कुरा उसले व्यक्त गरेका निम्न सन्दर्भबाट पुष्टि हुन्छ : "सबैलाई आत्मसुरक्षा गर्ने जन्मसिद्ध अधिकार छ । कसैलाई पनि हातहतियार फ्याँकेर शान्तिको अफिम खुवाउन खोजिएमा अराजक मानिने छ । प्रत्येक देश र समाजले शक्तिपूजा गर्नु नै पर्दछ (पृ.१०) ।" यसबाट ऊ भैतिक उन्नति र प्रगतिमा रमाउने, अहम्ता प्रदर्शन

गर्ने, उच्च महत्त्वाकाङ्क्षायुक्त, व्यक्तिवादी चरित्रका रूपमा नाटकमा आएकी देखिन्छ। उसले छोरीलाई न्युक्लिएर विशेषज्ञ बनाई छोरीमार्फत आफ्नो प्रभुत्व स्थापना गर्न खोजेकी छे। डा. एक्सको सम्भावित आविष्कारबाट खुसी नभई आफ्नो सपनाको महल ढल्दै गएको अनुभुति गरेकी छे।

एक्स १ आफ्ना पतिका विचारका विरुद्धमा उत्रने पात्र हो। उसलाई शक्तिका लागि सङ्घर्ष गर्ने राष्ट्र वा व्यक्तिको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ। उसको चरित्रमा शून्यवादी सैद्धान्तिक मान्यता प्रभु अहम्‌को छाप पाउन सकिन्छ। यस्ता पात्रका माध्यमबाट मानवका सङ्गतिपूर्ण व्यवहारभन्दा असङ्गतिपूर्ण र अस्वाभाविक कार्य र चरित्रको प्रस्तुतीकरण गरिएको छ। यसरी एक्स १ को चरित्र चरम भौतिकतावादी, स्वकेन्द्रित, राष्ट्र र राष्ट्रियताका साँघुरा घेरामा सीमित, शक्ति पूजाको पक्षधर, विद्रोही चेत भएकी, नाटककी सहायक र प्रयोगशील पात्रका रूपमा पनि प्रस्तुत भएको छ।

**पात्र डा.एम**

इथर नाटकको खलपात्रको भूमिकामा डा.एम उपस्थित भएको छ। भौतिकतावादी चिन्तनको प्रतिनिधित्व गर्ने डा. एमले जीव वैज्ञानिक डा. एक्सँगको सम्बन्धलाई शत्रुतापूर्ण मित्रता ठानेको छ तर एक्स १ सँग मित्रतापूर्ण सम्बन्ध स्थापित भएको देखिन्छ। तीक्ष्ण बुद्धि भएको महानिर्देशक जस्तो महत्त्वपूर्ण पदमा बसेको र खगोलीय अनुसन्धानमा संलग्न डा. एम आफ्नो प्रतिस्पर्धीको प्रशंसा गर्ने अनौठो स्वभाव भएको पात्र हो । समकालीन अवस्थामा आडम्बरी भेषयुक्त बहुराष्ट्रवादको नाममा मिठो राग अलापेर कुटिल कार्य गर्दै देश प्रेम वा राष्ट्रिताका नाममा आफ्नो स्वार्थ सिद्ध गर्ने वैज्ञानिकहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो (पोखरेल, २०६२ पृ. २५६) यो पात्र यर्थाथ, प्रतिकूल, मञ्चीय, सहायक र स्थिर पात्रका रूपमा आए पनि डा. एक्सको कार्यमा सिधै अवरोध गरेको छैन।

**पात्र एक्स ०**

एक्स० इथरको प्रयोगशील पात्र हो। नाटकमा डा. एक्स तथा एक्स १ की सानी छोरीका रूपमा आएकी एक्स ० अधिमानवीय चिन्तनबाट आंशिक प्रभावित देखिन्छे। सकारात्मक प्रतिस्पर्धाको भावना रहेको एक्स ० मा नयाँ खगोलीय खोज तथा अनुसन्धानमा समेत रुचि रहेको पाइन्छ। न्युटन र आइन्सटाइनका फर्मुला जान्ने एक्स ० यन्त्र +०० सँग समेत प्रतिस्पर्धा गर्न सक्ने विलक्षण पात्रका रूपमा प्रस्तुत गरिएको छ। एन्टिन्युक्लियर इन्जेक्सनको परीक्षण एक्स० बाट भएको उसमा असाधारण क्षमता प्राप्त भएको घटनासन्दर्भ ( पृ. ४३ ) ले उसलाई अस्वाभाविक र अतिमानीय चरित्रका रूपमा उभ्याएको छ। यन्त्रका भरमा बाँच्ने र जीवन यान्त्रिक हुँदै गएको देखाएकाले ऊ प्रतीकात्मक पात्र हो।

इथरमा कोरिएको प्रेमपत्र विज्ञान नाटक पात्रगत विविधता र बहुल पात्रको प्रयोग भएको नाटक हो। नाटकमा एक युवा डाक्टर एक्स, श्रीमती एक्स र छोरी एक्स १ जस्ता पात्र स्वैरकाल्पनिक, प्रतीकात्मक एवम् सार्वभौम पात्रका रूपमा उपस्थित भएका छन्। यिनीहरू नाटकमा देश कालका सीमामा बाधिएका छैनन्। यस नाटकका पात्रहरूको चरित्र निमार्ण र चयन समाजबाट भन्दा लेखकीय कल्पनाबाट गरिएकाले यिनलाई स्वैरकाल्पनिक मानव पात्रहरू मान्न सकिन्छ जसले यस संसारका मानवका स्वभाव र चरित्रलाई प्रतीकात्मक रुपमा सङ्केत गरेको छ। इथर नाटकका मानवीय पात्र पूर्वीय तथा पाश्चात्य परम्परित नाट्य मान्यता अनुसारका छैनन्। लेखकले विज्ञान नाटकका पात्रलाई नवीन प्रयोगशील पात्रका रूपमा प्रस्तुत गरेका छन्। यस्ता पात्रको प्रयोगले नाट्यशास्त्रमा स्थापित अरिस्टोटलीय मान्यतामात्र भत्केन भरतमुनिको नाट्यशास्त्रीय मान्यता पनि मान्यतामै सीमित बन्न पुग्यो।

**पात्र ०१**

यन्त्र मानव ०१ नामक पात्र घरयासी काममा सहयोग गर्ने अधबैंसे नारी हो। कुशल गृहणी तथा इमान्दार सेविकाका रूपमा आएकी ऊ आफूलाई शोषण गरिएको र तल्लो स्तरको व्यवहार गरिएकोमा एक्स १ सँग असन्तुष्टि राख्छे। यन्त्रबाट यस्ता विचार प्रकट भई मानवीय चरित्रझै उसलाई प्रस्तुत गरिएकाले स्वैरकाल्पनिक पात्र भन्न सकिन्छ। उसले शोषित वर्गको प्रतिनिधित्व गरेकी छ। ०२ सँग पनि आन्तरिक द्वन्द्व रहेको छ। यी सबैमा गणितीय मुटु छ तर यौन ग्रन्थी तथा प्रजनन अङ्ग छैनन्। यस नाटकमा चार स्वैरकाल्पनिक मानवेतर यान्त्रिक पात्र (+००, ०१, ०२, ०३) को प्रयोग गरिएको छ।

**पात्र ०२**

यन्त्र मानव ०२ आधुनिक यन्त्र मानव तथा शिक्षिकाको भूमिकामा उपस्थित भएकी छ। उसको निकटता एक्स १ सँग र ०१ सँग दुस्मनी व्यवहार गरी +०० बाल पात्रसँग मातृवासल्य भाव प्रकट गरेकी छे जसले स्वैरकाल्पनिक पात्र भएको तथ्यलाई प्रस्तुत भएको छ। यस नाटकमा उसको भूमिकामा गौण रहेको छ। उसको चरित्रमार्फत नाटकमा यन्त्रमानवको छुट्टै संसार हुनसक्ने देखाइएको छ। यन्त्र मानव सानो बालकलाई आफ्नो छोरा मानी पुत्रवत् व्यवहार गरी यन्त्र मानव संसारकै उत्कृष्ट आमा बनेको ( पृ.२३ ) दावी गरेकी छ। यिनका चरित्रमार्फत नाटकमा यन्त्रमानवको चरित्र मानव जीवनझैं रुपान्तरित हुनसक्ने देखाइएको छ। यन्त्रमानव र यन्त्रमानव बिच कतै आत्मीयता कही चरम शत्रुतापूर्ण सम्बन्ध देखाइएको छ। यसले यन्त्र मानवको चरित्र मानवीय चरित्रमा रूपान्तरित भइरहेको देखाएको छ।

**पात्र ०३**

इथरमा प्रयुक्त ०३ विकसित यन्त्र मानव हो। प्रयोगशालामा व्यस्त डा. एक्सको सहयोगीका रूपमा ऊ आएको छ। डा.एक्सले आफ्नो आविष्कार द्रव्य २ मुसामा प्रयोग गरेपछि ०३ मा गरेको छ। आफ्नो विश्वासिलो सहयोगीको सीमित उपस्थिति र उसका एक दुई संवाद मात्र नाटकमा प्रस्तुत भएकाले उसलाई गौण पात्रका रूपमा लिन सकिन्छ। +०० (यन्त्र मानव बालिक) बालक यन्त्रमानवलाई छोरो सम्झेर आत्मिक प्रेम गर्दै मातृत्वको भाव प्रकट गरेको सन्दर्भ नाटकमा देखाएर यन्त्रमानव क्रियाकलापमा मानवीय जीवन भोगाईमा रूपान्तरित हद्रन सक्ने कद्रा प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै रूपान्तरित पात्र ०३ लाई प्रयोगशील पात्रका रूपमा प्रस्तुत गरिएको छ जुन पनि चरित्र चित्रणमा पाइने नयाँ प्रयोग गर्नु हो।

इथर नाटकमा मानव निर्मित मानव (यन्त्रमानव +००, ०१, ०२, ०३) लाई समेत नवीन भूमिकामा प्रस्तुत गरिएको छ। +०० बाल पात्र (केटो), ०१ अर्धबैंसी नारी तथा कुशल गृहणी, ०२ शिक्षिका तथा ०३ डा. एक्सको खोज अनुसन्धानमा क्रियाशील अभिन्न सहयोगीका रूपमा आई मानवले जस्तै व्यवहार प्रस्तुत गर्नुले स्वैरकाल्पनिक पात्रका रूपमा नाटकमा प्रस्तुत भएको देखिन्छ। केही पात्र (एक्स १ र ०२) द्वारा यन्त्रमानव र मावताको बीचमा अत्यन्त सुमधुर सम्बन्ध स्थापित हुन सक्ने संभावना देखाइएको छ भने केही पात्र एक्स १ र ०१ का बिच भएको विवादबाट द्वन्द्वात्मक परिस्थिति निमार्ण हुन सक्ने कुरा देखाइएको छ। एक्स ० +०० का बालक्रियाकलापबाट भविष्यमा मानव र यन्त्रमानवबिच तीव्र प्रतिस्पर्धात्मक स्थिति वा अन्तरसङ्घर्ष उत्पन्न हुने कुरा प्रतीकात्मक रूपमा प्रस्तुत गर्नु पनि चरित्र चित्रणगत प्रयोगशीलता हो। यसरी मानव र मानव बीचको द्वन्द्व वा अन्तरसङ्घर्ष हुनु अनौठो नमानिए पनि नाटकमा मानव र यन्त्रमानवका बिचमा अन्तरसङ्घर्ष देखाएको छ, जुन पारम्परित नाटकभन्दा भिन्न प्रयोग हो। यसलाई पनि पात्रगत प्रयोगशीलता मान्न सकिन्छ।

नाटककार सरूभक्त नेपाली समाज र सामाजिक परिवेशमा हुर्केको भए पनि उनले यस नाटकमा पात्रलाई नेपाली समाज अनुकूल हुने गरी प्रस्तुत गरेका छैनन्। उनीहरूको नामाङ्कन पात्रलाई गणितीय चिन्हका आधारमा (डा.एक्स, एक्स

१, +००, ०१, ०२, ०३) नामकरण गरी सार्वजनीन बनाउने प्रयत्न गरेका छन् । कुनै जात, धर्म, सम्प्रदाय, वर्ण र भूगोलका परिधिबाट माथि उठेर पात्रको नामकरण गर्न' त्यो आफैँमा पात्रगत नयाँ प्रयोग हो । यसबाट पात्रहरू सार्वभौम वा विश्वजनीन बनेका छन् । यस नाटकमा पात्र एक्स १ र डा. एम बहुराष्ट्रवादको प्रतिनिधित्व गर्ने त्यसको छद्‌म रूपमा आएका छन् जसले राष्ट्र, राष्ट्रियताका साघुँरा घेरामा कैद भएर आफ्ना स्वार्थ पूरा गर्ने तर मानवताको र निशस्त्रीकरणको ढोग गर्ने विकसित राष्ट्रको भूमिकालाई प्रतीकारात्मक रूपमा प्रस्तुत गर्न सफल भएका छन् । यसरी पात्रमा एउटा सिंगो राष्ट्र र तिनका प्रवृत्ति प्रतिबिम्बित गर्नु नाटकको विशिष्ट प्रयोग हो । यसरी प्रतीकारात्मक पात्र प्रयोग गर्नु प्रयोगशील नाटकको मूल अभिलक्षण भएको तथ्यलाई समेत यसले पुष्टि गर्छ । कुनै जाति, समुदाय, भूगोलका सीमामा आवद्ध नभएको डा.एक्स विश्वका निस्वार्थी वैज्ञानिकको प्रतिनिधित्व गर्ने सार्वभौम पात्र हो ।

## निष्कर्ष

सरूभक्तको इथर विज्ञान नाटकमा प्रयोगशील पात्रको प्रयोग गरिएको छ । इथर नाटकमा चार मानवीय पात्र, चार यान्त्रिक पात्रका साथै सञ्चारका लागि प्रयोग हुने टेलिफोन, कम्प्युटर जस्ता उपकरण पनि पात्रका रूपमा प्रयोग भएका छन् । प्रमुख पात्र डा. एक्स, श्रीमती एक्स १, छोरी एक्स ० र डा. एम जस्ता मानवीय पात्र विश्वजनीन, प्रतीकात्मक र शून्यवादी मान्यताबाट प्रभावित छन् । यान्त्रिक पात्र ०१, ०२, ०३ रूपान्तरित, मानवीकृत र प्रतीकात्मक पात्रका रूपमा आएका छन् । यस नाटकमा समाजकाभन्दा भिन्न काल्पनिक यन्त्र मानव र यान्त्रिक पात्रको प्रयोग, तिनमा मानवीय व्यवहार र सोच आरोपित गर्नु, तिनको नामकरण विज्ञान र गणितको सूत्रका सङ्केतांशबाट गरी पात्रलाई विश्वजनीन बनाउनु, मानवेत्तर यान्त्रिक पात्रका बिचमा अन्तर सङ्घर्ष देखाउनु, यान्त्रिक पात्रमा मानवीय कार्यव्यापार अनुभूति विकसित हुँदै तिनलाई गतिशील पात्रका रूपमा प्रस्तुत गर्नुले इथर नाटकको पात्र विधानमा पाइने प्रयोगशीलता पुष्टि गरेको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । रूपान्तारित पात्र, यन्त्रलाई पात्रत्व प्रदान, यन्त्र मानवको मानवीकरण गर्दै पात्रत्व प्रदान जस्ता इथर नाटकमा पात्रगत प्रयोगशील प्रवृत्तिहरू पाइएका छन् । लेखकले आफ्नो शून्यवादी सैद्धान्तिक मान्यताको आंशिक प्रभाव र प्रयोगशील मान्यता अनुरूप पात्र प्रयोग इथर नाटक देखिएको छ । । डा. एक्सबाट लेखकीय शून्यवादी चिन्तन र अधिमानवतावादी दृष्टिकोण प्रस्तुत गरिएको छ । मानव तथा यन्त्र मानव पात्रलाई सार्वभौम, रूपान्तरित एवम् प्रतीकात्मक पात्रका रूपमा समेत प्रस्तुत गरिएको छ । यसबाट विज्ञान नाटकको पात्रगत प्रयागशीलता सिद्ध भएको छ । यस नाटकका पात्रहरू प्रयोगशील छन् तर निमावीय नाटकका पात्र जस्ता प्रयोगशीलताका कसीमा खरा छैनन् ।

## सन्दर्भ सामग्री

आचार्य, व्रतराज (२०६६),*आधुनिक नेपाली नाटक,* ललितपुरः साझा प्रकाशन, ।

उपाध्याय, केशवप्रसाद (२०५२), *नाटक र रङ्गमञ्च,* काठमाडौँः रुमु प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँः अक्षर क्रियसन, प्रा.लि ।

एटम्, नेत्र (२०६३), ''समकालीन नेपाली नाटकका मूल प्रवृत्ति." रश्मि, समालोचना विशेषाङ्क, ६, पृ. ८३-१०२ ।

खतिवडा, नित्यानन्द (२०६४) , 'विजय मल्लका प्रयोगशील नाटकको विश्लेषण', स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

गुरुङ, स्वस्ती (२०५४), 'सरूभक्तको नाट्यकारिरताको अध्ययन', स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

गैरे, गोपालप्रसाद (२०६८), 'नेपाली नाटकमा विसङ्गत नाट्यकलाको प्रयोग', दर्शनाचार्य शोधप्रबन्ध, कीर्तिपुर : त्रि.वि.।

गौतम, कृष्णप्रसाद, *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन, २०६४ ।

चालिसे, गणेश (२०७४), 'सरूभक्तका विज्ञान नाटकमा प्रयोगशीलता', दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि.कीर्तिपुर ।

पोखरेल, रामचन्द्र (२०६२), *नेपाली नाटक सिद्धान्त र समीक्षा,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, शालिकराम (२०७०), ''विज्ञान नाटक इथरमा कोरिएको प्रेमपत्रको विश्लेषण'' प्राज्ञिक संसार १ः७ पृ. ५५-६५ ।

भट्टराई, गोविन्दप्रसाद (२०३९), (अनु) *भरतमुनिको नाट्यशास्त्र,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

मल्ल, अशेष (२०५७), *समकालीन नेपाली नाटक,* ललितपुरः साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकाालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६२),*आधुनिक र उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौँः वेस्ट पब्लिकेसन ।

शाह, कृष्ण (२०६४), *प्रतिनिधि नेपाली नाटक,* काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि. ।

श्रेष्ठ, सजना (२०६६), 'विज्ञान नाटककार सरूभक्त', स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

सरूभक्त (२०४०), *बोक्सीको आह्वान घोषणा पत्र,* पोखरा : युवा नाटक परिवार ।

सरूभक्त (२०४२), *इतिहासभित्रको इतिहास.*काठमाडौँ : प्रयोग समूह ।

सरूभक्त (२०४४), *इथर,* ललितपुरः साझा प्रकाशन ।